उनीकहाँ जाऊ र भन: तपाईं नरकका मानिसहरूमध्ये हुनुहुन्न, तर स्वर्गका मानिसहरूमध्ये हुनुहुन्छ ।

अनस बिन मालिक (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, एक दिन रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले साबित् बिन कैसलाई अनुपस्थित देखेर उनको बारेमा सोध्नुभयो, तब एक
व्यक्तिले भने: हे अल्लाहका रसूल! म हजुरलाई उनको बारेमा जानकारी दिनेछु । त्यसैले
उनी साबित् बिन कैसकहाँ गए र उनी आफ्नो घरमा शिर झुकाएर बसिरहेको देखे । आरामै हुनुहुन्छ भनेर सोध्दा उनले आफू बर्बाद भएको जवाफ दिए । किनभने उनको आवाज रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को आवाज भन्दा चर्को थियो, त्यसैले उनका सबै राम्रो
कर्महरू नष्ट भए र नर्कमा हुनेछु भनेर दुख पोखे । त्यो सहाबीले रसूल (सल्लल्लाहु
अलैहि वसल्लम) लाई उनले त यस्ता कुरा गरेको बताए । त्यसपछि उनी अर्को पटक शुभ समाचार लिएर उनीकहाँ गए । रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : " उनीकहाँ जाऊ र
भन: तपाईं नरकका मानिसहरूमध्ये हुनुहुन्न, तर स्वर्गका मानिसहरूमध्ये हुनुहुन्छ ।" [सही] [मुत्तफकुन अलैहि]

एक पटक रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले साबित् बिन कैसलाई अनुपस्थित देखेर उनको बारेमा सोध्नुभयो, तब एक व्यक्तिले भने: हे अल्लाहका रसूल! म हजुरलाई उनको बारेमा जानकारी दिनेछु । त्यसैले उनी साबित् बिन कैसकहाँ गए र उनी आफ्नो घरमा शिर झुकाएर बसिरहेको देखे । तपाईंलाई के भएको छ ? उनले आफूले भोगिरहेको पीडाको बारेमा बताए । किनभने उनको आवाज रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को आवाज भन्दा चर्को हुन्थ्यो र अल्लाहले यस्ता मान्छेको कर्म नष्ट हुनेछ र ऊ नरकमा जान्छ भनेर चेतावनी दिनुभएको छ । त्यो व्यक्ति त्यहाँबाट फर्के र रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई यसको बारेमा जानकारी दिए । त्यसपछि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले उनी नर्कमा जाने व्यक्ति होइनन् तर स्वर्गको हकदार हुनुहुन्छ भनेर शुभ समाचार सुनाउन उनलाई फेरी साबित् को घर पठाउनु भयो । किनभने उनको स्वर स्वाभाविक रूपमा चर्को थियो र उनी रसूल (सल्लल्लाहु अलैहि वसल्लम) र अन्सारको खतीब (वक्ता) थिए ।

http://www.sunnah.global/hadeeth/ne/show/65073